# प्रदेश लोक सेवा आयोग

मधेश प्रदेश, जनकपुरधाम, नेपाल

## प्रदेश निजामती सेवाका अधिकृत एघारौ र अधिकृत नवौं तह (अप्राविधिक/प्राविधिक) पदको बढुवाको सूचना

सूचना नं. ३७/२०८२-८३ प्रकाशन मितिः २०८२/६/३०

बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरुका लागि प्रदेश निजामती सेवा ऐन, २०७७ बमोजिम प्रदेश निजामती सेवाका सम्भाव्य उम्मेदवारहरुले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ । दरखास्त फाराम प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको वेबसाइट ppsc.p2.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेशगर्ने अन्तिम मितिभित्र आयोगको कार्यालयमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारबाही गरिने छैन । यसरी पर्न आएका दरखास्त फारामहरुलाई आयोगको कार्यालयले प्राप्त हुन आएको बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ ।

उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः

(क) प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ३० बमोजिम बढुवाका लागि न्यूनतम योग्यता भएको र दफा ३१ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफुले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) दरखास्तसाथ सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(च) दरखास्त दस्तुर अधिकृत एघारौं तहको लागि रु.१,५००/- (एक हजार पाँच सय) र अधिकृत नवौं तहको लागि रु.१,२००/- (एक हजार दुई सय) बुझाउनु पर्नेछ ।

(छ) दरखास्त दस्तुर बुझाउने विधि र स्थानः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२००००००१००१००००००१ मध्ये आफुलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ ।

(ज) दरखास्त दिने अन्तिम मितिः २०८२/७/१९ र दोब्बर दस्तुर तिरी २०८२/७/२६ गते सम्म

**क) अधिकृत एघारौं तह (अप्राविधिक/प्राविधिक)**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र तह | पद संख्या |
|---|---|---|---|
| १ | १/२०८२-८३ | ईञ्जिनियरिङ्ग, सिभिल, जनरल, अधिकृत एघारौं | १ (एक) |
| २ | २/२०८२-८३ | शिक्षा, शिक्षा प्रशासन, अधिकृत एघारौं | १ (एक) |

**ख) अधिकृत नवौं तह (अप्राविधिक/ प्राविधिक)**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र तह | पद संख्या |
|---|---|---|---|
| **(अ) अप्राविधिकतर्फ अधिकृत नवौं तह** | | | |
| १ | ३/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन, अधिकृत नवौं | ५(पाँच) |
| **(आ) प्राविधिक(स्वास्थ्य सेवा वाहेक) तर्फ अधिकृत नवौं तह** | | | |
| १ | ४/२०८२-८३ | इञ्जिनियरिङ्ग, सिभिल, जनरल, अधिकृत नवौं | १ (एक) |
| २ | ५/२०८२-८३ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे, अधिकृत नवौं | २ (दुई) |
| ३ | ६/२०८२-८३ | इञ्जिनियरिङ्ग, सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट, अधिकृत नवौं | १ (एक) |
| ४ | ७/२०८२-८३ | कृषि, कृषि प्रसार, अधिकृत नवौं | १ (एक) |
| ५ | ८/२०८२-८३ | कृषि, लाइभस्टक, पोल्ट्रि एण्ड डेरी डेभल्पमेन्ट, अधिकृत नवौं | १ (एक) |
| ६ | ९/२०८२-८३ | कृषि, भेटेरीनरी, अधिकृत नवौं | १ (एक) |
| ७ | १०/२०८२-८३ | वन, जनरल फरेष्ट्री, अधिकृत नवौं | १ (एक) |
| ८ | ११/२०८२-८३ | वन, स्वायल एण्ड वाटर कन्जरभेसन, अधिकृत नवौं | १ (एक) |
| ९ | १२/२०८२-८३ | शिक्षा, शिक्षा प्रशासन, अधिकृत नवौं | १ (एक) |

## प्रदेश निजामती सेवाको अधिकृत नवौं तह (अप्राविधिक/प्राविधिक) पदको खुला, समावेशी र अन्तरसेवा प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

सूचना नं.: ३८/२०८२-८३ प्रकाशन मितिः २०८२/६/३०

प्रदेश निजामती सेवाको अधिकृत नवौं तहमा निम्न सेवा, समूह, उपसमूहका रिक्त पदहरुको खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ । तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनुपर्नेछ ।

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह र तह | खुला, समावेशी र अन्तरसेवा | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| अ) अप्राविधिकतर्फ | | | | | | |
| १ | १३/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन, अधिकृत नवौं | खुला | | १ | १ (एक) |
| २ | १४/२०८२-८३ | प्रशासन, सामान्य प्रशासन, अधिकृत नवौं | अन्तरसेवा | | १ | १ (एक) |
| ३ | १५/२०८२-८३ | प्रशासन, राजस्व, अधिकृत नवौं | खुला | | १ | १ (एक) |
| आ) प्राविधिक ( स्वास्थ्य सेवा वाहेकका सेवा) तर्फ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | १६/२०८२-८३ | इञ्जिनियरिङ्ग, सिभिल, हाइवे, अधिकृत नवौं | खुला | | १ | १ (एक) |
| २ | १७/२०८२-८३ | वन, जनरल फरेष्ट्री, अधिकृत नवौं | खुला | | १ | १ (एक) |

**परीक्षाको किसिमः** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।
**परीक्षा मितिः** पछि प्रकाशन गरिनेछ ।
**परीक्षा केन्द्रः** जनकपुरधाम ।
**दरखास्त दस्तुरः** अधिकृत नवौं तहको लागि रु.१,२००/- (एक हजार दुई सय) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूह(खुला, समावेशी र अन्तरसेवा)का लागि रु.५००/-(पाँच सय) थप दस्तुर बुझाउनु पर्नेछ ।
**दरखास्त दिने अन्तिम मितिः** २०८२/७/१९ र दोब्बर दस्तुर तिरी २०८२/७/२६ सम्म ।
**उम्मेदवारको उमेरको हदः** २०८२/७/१९ सम्म २१ वर्ष उमेर पुरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको । इञ्जिनियरिङ्ग सेवा, कृषि सेवा, वन सेवा र स्वास्थ्य सेवाको हकमा ४० वर्ष ननाघेको । बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।
**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड चयन गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिन्छ ।
<u>Online Payment बाट दस्तुर भुक्तानी गर्नः</u> राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS गरी रकम भुक्तानी गर्न सकिनेछ । Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ ।
<u>Offline बाट दस्तुर भुक्तानी गर्नः</u> राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment चयन गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ ।
**दरखास्त दस्तुर बुझाउने अवधिः** ढिलोमा २०८२/७/२६ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।
**अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो फोटो, दस्तखत र नागरिकताको प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ । अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा, समूह सम्बन्धी
**तलबः** मधेश प्रदेश सरकार कानून बमोजिम ।
**सेवा सम्बन्धी मन्त्रालयः** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएको सम्बन्धित मन्त्रालय ।

**<u>प्रदेश निजामती सेवा खुला तथा समावेशीको लागि आवश्यक न्यूनतम योग्यता र न्यूनतम शैक्षिक योग्यताः</u>**
प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा १६ बमोजिम अयोग्य नभएको हुनुका साथै देहाय अनुसारको न्यूनतम शैक्षिक योग्यता तथा अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

**१. आवश्यक न्यूनतम योग्यता**

अ) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ । तर विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ ।

आ) <u>अन्तरसेवाको लागिः</u> प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ९ को उपदफा (१७) मा व्यवस्था भए बमोजिम "अन्तरसेवा द्वारा पदपूर्ति हुने पदमा संघीय निजामती सेवा वा स्थानीय सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तीमा सात वर्ष सेवा अवधी पुरा गरेका र पूर्ति हुने पदका लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन् ।"

**२. आवश्यक न्यूनतम शैक्षिक योग्यता**

१ <u>प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत नवौं तहः</u> मान्यता प्राप्त शिक्षण संस्थाबाट कला (आर्टस), संस्कृत, व्यवस्थापन, वाणिज्यशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, शिक्षा शास्त्र, कानून वा विज्ञानमा स्नातकोत्तर उत्तीर्ण ।

२ <u>प्रशासन सेवा, राजस्व समूह, अधिकृत नवौं तहः</u> मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्र वा व्यापार प्रशासन वा अर्थशास्त्र वा जनप्रशासन (सार्वजनिक वित्त वा लेखा विषयसहित) मा स्नातकोत्तर उत्तीर्ण ।

३ <u>इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह, हाइवे उपसमूह, अधिकृत नवौं तहः</u> मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा हाइवे इञ्जिनियरिङ्ग वा स्वायल मेकानिक्स एण्ड फाउण्डेसन इञ्जिनियरिङ्ग वा स्ट्रक्चरल इञ्जिनियरिङ्ग वा जियोटेक्निकल इञ्जिनियरिङ्ग वा वायो इञ्जिनियरिङ्ग वा इञ्जिनियरिङ्ग जियोलोजी वा कन्स्ट्रक्सन म्यानेजमेन्ट वा प्रोजेक्ट म्यानेजमेन्ट वा इन्टरनेशनल कन्सट्रक्सन प्रोजेक्ट म्यानेजमेन्ट वा म्यानेजमेन्ट एण्ड इम्प्लिमेन्टेशन अफ डेभलपमेन्ट प्रोजेक्ट वा कन्स्ट्रक्सन इञ्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट वा इञ्जिनियरिङ्ग प्रोजेक्ट म्यानेजमेन्ट वा ट्रान्सपोर्ट प्लानिङ वा ट्रान्सपोर्ट इकोनोमिक्स वा ट्रान्सपोर्टेशन इञ्जिनियरिङ्ग वा ब्रिज इञ्जिनियरिङ्ग वा इनभारोमेन्टल इञ्जिनियरिङ्ग वा इन्फ्रास्ट्रक्चरल इञ्जिनियरिङ्ग वा ट्राफिक इञ्जिनियरिङ्ग वा रिभर इञ्जिनियरिङ्ग वा हाइड्रोलोजी इञ्जिनियरिङ्ग वा अर्थक्वेक इञ्जिनियरिङ्ग वा प्रोजेक्ट प्लानिङ्ग एण्ड डेभलपमेन्ट वा अर्वन ट्रान्सपोर्ट प्लानिङ्ग विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त ।

४ <u>वन सेवा, जनरल फरेष्ट्री समूह, अधिकृत नवौं तहः</u> मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा सिल्भिकल्चर वा वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) वा वन स्रोत सर्भेक्षण वा भु-तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवसथापन वा वन तथा जलवायू परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उतीर्ण ।

**<u>उम्मेदवारले पेश गर्नुपर्ने थप कागजात तथा अनुभव सम्बन्धमा विशेष निर्देशनः</u>**
दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी पेश गर्नुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको

नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसकै समय दरखास्त रद्द हुन सक्नेछ ।

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्तिपत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र ।
  (१) निजामती तथा अन्य सरकारी निकाय
  (२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित संगठित संस्था
  (३) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति
  (४) ऐनद्वारा स्थापित संस्था वा निकाय
  (५) संयुक्त राष्ट्र संघ, यसका अंग तथा विशिष्टिकृत निकाय
  (६) अन्तरसरकारी अन्तर्राष्ट्रिय संगठनहरु
  (७) विश्वविद्यालयको आंगिक क्याम्पस
  (८) सामुदायिक विद्यालय वा क्याम्पस

(ख) खण्ड (क) मा उल्लेख भए बाहेकको राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय गैह्रसरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेश गरेकोमा नियुक्तिपत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, संगठन, संरचना लगायत कर्मचारीको सेवाका शर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृतस्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।

(ग) सरकारी कर्मचारीले अन्य संगठित संस्थामा काम गरेको अनुभव सम्बन्धमा सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको विदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाइ मान्यता दिइनेछ ।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पुरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।

(ङ) नियुक्तिपत्र वा करारनामामा नै आंशिक (Part Time) रुपमा काम गर्ने उल्लेख भएकोमा सो अनुभवलाई मान्यता दिइने छैन ।

(च) एकवर्ष भन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिने छैन ।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइने छैन ।

(ज) अधिकृत एघारौं तथा अधिकृत नवौं वा सो सरहको जुन सेवा, समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछिको अधिकृतस्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ ।

(झ) नियुक्तिपत्र वा करारनामामा उल्लेखित पदनामबाट अधिकृत स्तर नखुलेकोमा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेश गर्नुपर्नेछ ।

(ञ) माथि उल्लेखित प्रमाण खुल्ने कागजातहरु दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ ।

(ट) MBBS र MD उत्तीर्ण गरेका उम्मेदवारको हकमा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र दरखास्त पेश गर्दाको वखत अनिवार्य रुपमा उम्मेदवारसँग हुनु पर्नेछ ।

(ठ) MD (Doctor of Medicine) तथा DM (Doctorate of Medicine) Residential अध्ययन गर्दाको अवधिलाई समेत अनुभव अवधिका रुपमा गणना गरिनेछ ।

**द्रष्टव्यः**

(क) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

(ख) दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनि उल्लेख गरिएका काजगातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(छ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ज) परीक्षा प्रयोजनका लागि आयोगबाट तोकिएका शर्त र निर्देशनको उम्मेदवारले पालना गर्नुपर्नेछ।

(झ) पाठ्यक्रममा उल्लेखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ ।

(ञ) पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.madhesh.gov.np बाट प्राप्त गर्न सकिनेछ ।